- **लैङ्गिक विभेदमा आधारित हिंसाका मुख्य कारणहरु**
  - महिला र पुरुषको बीचमा रहेको सामाजिक विभेदपूर्ण मान्यताहरु
  - समाज, घरपरिवार तथा राज्यमा सबै तहमा पुरुषको बढी निर्णायक सहभागिता र पितृ सत्तात्मक मान्यता अनुरुपको कार्यशैली
  - असमान तरिकाले बनाएका कानुन र समाजले गरेका असमान कामको विभाजन
  - महिलालाई हेर्ने दृष्टिकोण तथा सामाजिक, आर्थिक, राजनैतिक तथा कानुनी संरचना तथा मान्यताहरु
  - महिला माथि हुने हिंसाको महत्वपूर्ण कारणहरु मध्ये एक कारण महिलाको सम्पत्ति तथा शरीर माथि उनको आफनो नियन्त्रण नहुनु हो।
  - घरका वस्तुभाउ हुर्काउने, पाल्ने, स्याहार्ने, दुध दुहुने कामहरु महिलाले गर्छन तर ती वस्तुहरुलाई बेची आफनो लागि आवश्यक पर्दा खर्च गर्न सक्ने अधिकार महिलासँग हुदैन।
  - महिलाहरुले जन्मदेखि नमरुञ्जेलसम्म पुरुषको अधिनमा बस्नु पर्दछ भन्ने मान्यता छ।
  - महिलाहरु स्वतन्त्रपुर्वक हिंडडुल गर्न पाउने अधिकारबाट पनि बन्चित छन।
  - समाज, घरपरिवारले महिलालाई सधै अरुले सहयोग गर्नुपर्ने साथ दिनुपर्ने व्यक्तिका रुपमा लिने गर्दछन।

## हिंसाबाट बच्ने उपायहरु

- हिंसा पैदा हुन नदिने उपायहरु अपनाउने।
- हिंसा गर्ने व्यक्तिलाई सम्झाउने वा शान्त पार्ने कोसिस गर्ने।
- हिंसाको घटना घटेकै समयमा सुरक्षाको व्यवस्था गर्ने।
- छिमेकीहरुलाई बताउने, छिमेकीहरुको सहयोग लिने।
- छोराछोरी वा परिवारका अन्य सदस्य मार्फत सहयोग जुटाउने।
- हिंसा विरुद्ध र हिंसाबाट सुरक्षित हुने योजना बनाउने।
- आत्मनिर्भर भएर बाँच्ने प्रयास गर्ने, आयमूलक सीपहरु सिक्ने, आयआर्जनमा संलग्न हुने।

## बाल विवाह :

कानुनले तोकेको उमेर नपुग्दै गरिने विवाहलाई बालविवाह भनिन्छ। कानुनले २० वर्ष उमेर पुरा नभई विबाह गर्न रोक लगाएको छ। बालविबाह भएको देख्ने जो सुकैले तीन महिनाभित्र उजुरी गर्नु पर्दछ।

### बालविवाहका कारणहरु :

#### १. लैङ्गिता

- बालिकाहरूको विचार र इच्छाको बेवास्ता
- छोरीहरू अर्काको घर जाने र छोराले वृद्धावस्थामा हेरचाह गर्ने मान्यताले गर्दा छोरीको विकासलाई कम महत्व दिने
- घर भित्रको कामको जिम्मेवारी बुहारीले लिनुपर्ने बाध्यता
- छोरीहरु घरबाहिर निस्कदा परिवारको मान र इज्जत जाने डरले उनीहरुलाई स्वतन्त्र हुनबाट बन्चित
- नेपाली हिन्दू बहुल समाजभित्र छोरी भनेको कन्यादान गरेर दिनैका लागि जन्मेका हुन् भन्ने मान्यता र सानै उमेरमा विवाह गरिदिनु

#### २. शिक्षा

- विवाह पश्चात् छोरी अर्काको घर गएर लोग्ने वा उसको परिवारसँग बस्ने भएकोले तिनका उपर कुनै पनि लगानी (पढाइमा लगानी, स्वास्थ्यमा लगानी इत्यादि) गर्दा खेर जान्छ भन्ने बाबुआमाको मानसिकता।
- छोरीको भविष्यलाई नसोचि छोराबाट प्रतिफलको आशमा छोराको पढाइका लागि नै खर्च बचाइ राख्ने सोंच।
- छोरीहरुको असुरक्षाको डरले छोरीलाई विद्यालय नपठाउने प्रवृत्ति (यौन आक्रमणको डर वा छोरीले केटाहरूसँग लागेर आफ्नो शारीरिक पवित्रता/कौमार्य, सम्मान र प्रतिष्ठा गुमाउलिन् भन्ने डर)।

#### ३. आर्थिक पक्ष

- छोरीको भविष्यलाई ज्वाँइ माथि थोपर्नु (राम्रो कमाउने ज्वाँइ खोजेर बिहे गरिदिने)
- ववाह अगाडी छोरीहरूलाई सीप वा शिक्षा नदिदा विवाह पश्चात् तिनको भविष्य अन्धकार हुने
- बालिकाहरूलाई घर, परिवार, समुदाय र समाजले आर्थिक भारको रूपमा हेर्ने चलन
- आफ्नो शारीरिक पवित्रता (कौमार्य), र प्रतिष्ठा गुमाउलिन् भन्ने डरले परिवार बाहिरका मानिसहरूसँग छोरीलाई अन्तर्क्रिया गर्न रोक लगाउने।

### बालविवाहका असरहरु :

#### १. सामाजिक असरहरु :

- औपचारिक तथा अनौपचारिक लगायतका शिक्षमा बाधा
- रोजगारी अवसरबाट बन्चित

#### २. शारीरिक असरहरु :

- गर्भधारण गर्न र बच्चा जन्माउन गाह्रो हुनुका साथै स्वास्थ्य तथा ज्यानमा खतरा हुन सक्छ
- बच्चा वा बच्चा जन्माउन नसकी गर्भवती महिलाको अकालमा मृत्यु हुन सक्छ।
- महिलाको शारीरिक अवस्था कमजोर हुन सक्छ

#### ३. मानसिक असरहरु :

- अरुको दवावमा आत्म निर्णय गर्न नसक्ने
- एकोहोरोपन बृद्धि
- डरको भावना बद्धि हुने

#### ४. व्यक्तिगत असरहरु :

- आर्थिक रुपमा आत्मनिर्भर नहुनु
- बौद्धिक विकासको अवसर गुम्नाले जीवन कष्टकर रहन सक्ने
- सानै उमेरमा आमा हुँदा शिशुको उचित स्याहार सम्भार हुन नसक्ने

## बाल श्रम (Child Labour)

कानुनले तोकेको भन्दा कम उमेरका बालबालिका आर्थिक उपार्जनका लागि श्रममा संलग्न गराउनु वा कानुनले श्रम गर्न छुट दिएको उमेरका बालबालिकालाई निषेधित काममा लगाउनु भन्ने बुभिन्छ। कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउनु हुँदैन। कुनै प्रतिष्ठानले १६ वर्ष पुरा गरेका बालबालिकालाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमावा संरक्षकको स्विकृति लिनु पर्ने, सम्बन्धित बालश्रमिकको स्पष्ट विवरणहरु राख्नुपर्ने र दिनु पर्ने, योग्यता र क्षमता अनुसार मात्र काममा लगाउनु पर्ने हुन्छ। १६ वर्ष पुगेका बालबालिकाहरुलाई पनि सरकारले तोकिएका जोखिमपूर्ण व्यवसाय वा काममा भने लगाउनु निषेध गरीएको छ ।

### बालबालिकाहरु श्रममा पर्नुका कारणहरु :

- **आर्थिक कारणहरु**
  - परिवारको आर्थिक अवस्था कमजोर हुनु
  - बालबालिकाहरु आफनो बाबाआमासँगै काममा जाने र बिना ज्यालामा पनि काम गर्ने
- **समाजिक कारण**
  - पारिबारिक विखण्डन, झैझगडा र बिवेदीकरण
  - साथीभाइको लहैलहैमा लागेर
  - उचित शिक्षा र स्याहार नपाउनाले
  - सानै उमेरमा विवाह र घरवार चलाउने जिम्मा दिने प्रचलन
  - छोरीलाई परिवारको बोझ सम्झने र घरपरिवारको आर्थिक सहयोग हुन्छ भन्ने हेतुले श्रमको लागि विभिन्न ठाँउमा पठाउने
  - लैगिंक, जातिय र वर्गीय विभेदपुर्ण दृष्टिकोण

### बालश्रम न्युनिकरण गर्ने तरिकाहरु :

- बालश्रम विरुद्ध परिवारदेखि गाँउस्तरसम्म चेतनामुलक कार्यक्रमहरु गर्ने
- खतराजन्य कामका कारणबाट जोखिममा परेका बालबालिकाको पुर्नस्थापना गर्ने
- जोखिमपुर्ण परिस्थितिमा रहेका असुरक्षित परिबारहरुका लागि अभिभाबक शिक्षा र आर्थिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालनमा ल्याउने
- बालश्रमको समस्यालाई सम्बोधन गर्न बालक्लबलाई अझ सकिय बनाउने
- बाल सरोकारसँग सम्बन्धित निकायहरुले आपसी समन्वयमा बालश्रम न्युनिकरणका लागि कानुनी कार्यान्वयन र अनुगमन गर्ने

### बालश्रम सम्बन्धी कानुनहरु :

- कसैले पनि बालबालिकालाई ललाइफकाई झुक्याइ, डर, त्रास, प्रलोभन, दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ।
- बालबालिकालाई काममा लगाउदा बेलुका ६ बजेपछि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुदैन
- बालबालिकालाई काममा लगाउदा दिनमा ६ घण्टा र १ सप्ताहमा ३६ घण्टा भन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुदैन
- बालबालिकालाई प्रत्येक दिन लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा १ दिनेको बिदा दिनुपर्ने।
- प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहमा १ दिनको बिदा दिनुपर्नेछ।
- एकै दिन एउटा ठाँउमा काम गरिसकेको बालबालिकालाई सोही दिन पुन:अर्को ठाँउमा काममा लगाउनु हुदैन।

# बालबालिका हिंसा, लैङ्गिक हिंसा विरुद्ध मौनता तोडौं, न्याय खोजौं र तुरुन्त खबर गरौं ।



बालविवाह



मानव बेचविखन तथा ओसारपसार



बालश्रम






लैगिक विभेद/घरेलु हिंसा



बाल यौन दुर्व्यवहार



विद्युतिय अपराध

प्रदेश नं. १ सरकार
सामाजिक विकास मन्त्रालय

AMDA-PAPC Project
Damak-2, Jhapa

UNHCR
The UN Refugee Agency

**सम्पर्क नम्बरहरु:** बाल हेल्पलाइन नं. १०९८, राष्ट्रिय महिला आयोग नं. ११४५, प्रहरी सम्पर्क नं. १००

## बालअधिकार :

बालबालिकाको उमेर अनि बढ्दो शारीरिक र मानसिक विकासको लागि बाल्यकालका आधारभूत आवश्यकता नै बालअधिकार हो । कुनै बालक वा बालिकाको जन्म अघि (गर्भावस्था) र जन्मपछि उनको बढ्दो शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षमा समुचित विकासका लागि उचित स्याहार र हेरचाहको साथै कानुनी संरक्षणको आवश्यकता पर्दछ।

### बालअधिकारका चार समूह

- **बांच्न पाउने अधिकार (Right to Survival)**
  - बांच्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार
  - गर्भवती महिलालाई विशेष स्याहार
  - सुरक्षित जन्म
  - खोप तथा स्वास्थ्य स्याहार
  - पोषणयूक्त खाना
  - सफा पानी
- **संरक्षणको अधिकार (Right to Protection)**
  - भेदभावबाट संरक्षण (गर्भै देखि)
  - दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, यातनाबाट संरक्षण
  - यौनशोषण, श्रमशोषण लगायत सबै खाले शोषणबाट संरक्षण
  - बेचविखन, ओसारपसारबाट संरक्षण
  - हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
  - लागू पदार्थ, नशालु पदार्थबाट संरक्षण
  - कानूनी संरक्षण
- **विकासको अधिकार (Right to Development)**
  - स्वच्छ वातावरणमा असल शिक्षा आर्जन ( औपचारीक वा अनौपचारीक)
  - खेल, मनोरन्जन र आराम
  - उचित स्वास्थोपचार
  - शारिरीक, मानसिक, नैतिक र सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु
  - माया, ममता र हुर्काउने कार्यमा आमा बाबु दुवैको संयुक्त दायीत्व
  - उचित मार्गदर्शन र राम्रो वातावरण
- **सहभागिताको अधिकार (Right to Participation)**
  - जीवनमा प्रभाव पार्ने निर्णयहरुमा आफ्नो कुरा भन्ने र सोको कदर गरिनु पर्ने
  - रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिमा सहभागी हुने
  - आस्था अनुसारको धर्ममा संलग्नता
  - कुनै कुराको जानकारी राख्ने र अभिव्यक्त गर्ने
  - संघसंस्था खोल्ने तथा सहभागी हुने।

## बाल संरक्षण :

बालसंरक्षण भनेको बालबालिकाहरुलाई कुनैपनि प्रकारको दुर्व्यहार, हेला, हिसां तथा शोषणबाट जोगाउनु र संरक्षण दिनु हो। बलाबालिकालाई शारीरिक, मानसिक, सम्वेगात्कम, नैतिक तथा बौद्धिक विकासमा नकारात्कम असर पार्ने खालका तथा निज माथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडा जन्य कार्य वा व्यवहारबाट उनीहरुलाई जोगाउनु नै बालसंरक्षण हो।

### बालसंरक्षण माथि हुने जोखिम तथा हानीहरू

- **भेदभाव**
  - परिवारको आर्थिक वा सामाजिक हैसियत,
  - वर्ग, जातजाति, जन्म, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचारहरु,
  - एच.आई.भी. संक्रमित,
  - आत्मसम्मानमा ठेस पुग्नेगरी फरक व्यवहार
  - बालबालिकामा गर्भमा रहेदेखि, उनीहरुको जन्म र हुर्काइका अवस्थामा तथा उनीहरुको स्याहार- सुसार, शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका पक्षमा भेदभाव हुन सक्दछ।




- **दुर्व्यहार**
  - मौखिक वा भावनात्मक दुर्व्यवहार: गालीगलौज, नराम्रा शब्दको प्रयोग
  - शारीरिक दुर्व्यवहार: कुटपिट, यातना, क्रूर व्यवहार, थुनामा राख्ने, नेल-हतकडी लाउने आदि समेतका कामहरू,
  - यौन दुर्व्यवहार: यौन तथा संवेदनशील अङ्गमा छुने, जिस्काउने, बलात्कार, अश्लील चित्रण तथा अश्लील चित्रणको प्रसारण समेत
- **याताना**
  - सबै प्रकारका बालबालिका माथि हुने घरेलु हिंसा,
  - विद्यालयमा शिक्षकले र घरपरिवारमा बाबुआमा वा अभिभावक वा स्याहार कर्ताले अनुशासनका नाममा वा आचरण वा व्यवहार सुधारका नाममा दिइने सबै प्रकारका दण्ड सजाय
- **यौन शोषण**
  - आर्थिक फाइदा वा नाफाको लागि वा अन्य उद्देश्यका लागि वेश्यावृत्तिमा लगाउने तथा यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि बेचबिखन गर्नु, उनीहरूलाई बन्धक बनाउनु र अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्नु।
- **बेचविखन र ओसारपसार**

  बेचबिखन तथा ओसारपसार, अङ्ग तस्करी, श्रमशोषण, यौनशोषण वा यौनव्यापार, वेश्यावृत्ति, आर्थिक कारोबार वा आर्थिक फाइदाको लागि गरिने, धर्म सन्तान लिने वा दिने प्रक्रिया समेतका लागि बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, देशको सीमाना कटाउने तथा बन्धक बनाउने काम जस्तै :
  - बालबालिकालाई फिरौती वा अन्य लोभमा अपहरण गर्ने र बन्धक बनाउने समेतका कार्य
  - मनसायपूर्वक वा लापरबाहिका कारणले सुरक्षा र विकासको अधिकारबाट बालबालिकालाई बन्चित गर्नू
  - विभिन्न प्रलोभनमा पारि बालबालिकाहरुलाई अनैतिक कार्यको लागि लैजाने र गर्नका लागि उस्काउने
- **परम्परागत हानिकारक अभ्यास**
  - बालविवाह-धर्म, सँस्कृति वा अन्य कुनैपनि नाममा कानुनले तोकेको भन्दा कम उमेरमा गरिने (चाँडो) विवाह
  - झुमा प्रथा, छाउपडी प्रथा र महिनावारीसँग सम्बन्धित महिला तथा बालिका माथि हुने सवै खालका विभेदहरू,
  - यौन अङ्ग छेदन गर्ने कार्य
- **बेवास्ता वा हेलचेकाइँ**
  - मनसायपूर्वक वा लापरबाहिका कारणले सुरक्षा र विकासको अधिकारबाट बालबालिकालाई बन्चित गर्नू बेवास्ता हो।
  - अभिभावकहरु आफ्नो जिम्मेवारीबाट पन्छिनु र बालबालिकाहरुले पाउने अधिकारबाट बन्चित हुनु
- **आर्थिक शोषण/ बालश्रम शोषण**
  - कानूनले निषेध गरेको उमेरका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु।
  - आर्थिक लाभ वा गैरकानुनी रूपमा मुनाफा कमाउने हेतुले बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु र उनीहरूलाई नाफा कमाउने साधनका रूपमा दुरूपयोग गर्नु।

### बाल संरक्षणमा हाम्रो भूमिका :

- परिवारले बालबालिकालाई उचित स्याहार र पालनपोषण गर्ने, बालबालिकासँग समय बिताउनु पर्छ र उनीहरुका मनका कुरा भन्न, अप्ठ्यारो परेको कुरा सुनाउन प्रेरित गर्ने, कुटपिट गर्नु र दबाब दिन हुदैन।
- बालमैत्री वातावरणमा पठनपाठन साथै बालमैत्री आचारसंहिता निर्माण गरी सुनुवाई संयन्त्र तथा संरक्षण प्रणालीको विकास गर्ने, स्वास्थ्यमा ध्यान दिने, मनोभावना बुझ्ने र सकारात्मक व्यवहार र कियाकलापमा सहभागी गर्ने।
- विद्यालयमा बालक्लवको स्थापना गरी अतिरिक्त कियाकलापहरु संचालन गर्नु पर्छ।
- समुदायमा बालअधिकार र बाल संरक्षण सम्बन्धी जनचेतनामुलक क्रियाकलाप संचालन गर्नु पर्छ।

## लैंगिक विभेदमा आधारित हिंसा र घरेलु हिंसा

- **लिङ्गभेद (Sex)**

  मानव शरीरमा रहेको जैविक विशेषता वा गुणको आधारमा कुन व्यक्ति पुरुष हो र कुन महिला हो भनी छुट्याउन सकिने प्राकृतिक पहिचान नै लिङ्ग (Sex) हो। लिङ्गलाई महिला र पुरुषबिचमा रहेका जैविक वा शारीरिक विशेषताका आधारमा छुट्याइन्छ। लिङ्गले पुरुष र महिलाको शारीरिक भिन्नताका बारेमा संकेत गर्दछ जुन विश्वव्यापी छ र अपरिवर्तनशील छ।
- **लैङ्गिकता (Gender)**

  लैङ्गिकता नितान्त सामाजिक, सांस्कृतिक, धार्मिक व्यवस्थावाट निर्धारण हुन्छ। समाजले नै महिला र पुरुषलाई के गर्ने र के नगर्ने भन्नेबारे पद तथा भूमिका (Status and Role) को निर्धारण गरेको हुन्छ। सामाजिक व्यवस्थाले निर्धारण गरे अनुरूप महिला र पुरुषबाट समाजले अपेक्षित गरेको भूमिका नै लैङ्गिकता (Gender) हो। समुदायले सामाजिक सांस्कृतिक व्यवस्थालाई आधार बनाएर महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ सो अनुरूप अधिकार दिइएको हुन्छ, बन्देज लगाएको हुन्छ, यसैलाई लैङ्गिकता भनिन्छ।

| लिङ्गभेद (Sex) | लैङ्गिकता (Gender) |
|---|---|
| १) यो प्राकृतिक हो। शारीरिक/ जैविक हो। यसले भिन्न यौनाङ्ग र यसको कामलाई जनाउँछ।<br>२) यो परिवर्तन गर्न सकिँदैन, जस्तै: पुरुषको महिनावारी हुन सक्दैन, पुरुषले गर्भधारण गर्न सक्दैन, महिलाको छातिमा रौं हुँदैन, महिलाको जुङ्गादाह्री आउँदैन।<br>३) यो सबै ठाउँ र समयमा उस्तै हुन्छ | १) सामाजिक/संस्कृति हो। यसले महिला पुरुषको भिन्न भूमिका, काम, गुण जिम्मेवारी आदिलाई जनाउँछ।<br>२) यो परिवर्तन गर्न सकिन्छ, जस्तै :<br>**भूमिका :** नेता, किसान, प्रबन्धक, दुवै हुन सक्छन्<br>**काम :** पकाउने, खुवाउने, लुगाधुने, बच्चाको स्याहार<br>**धारणा :** पुरुष बलियो, महिला कमजोर, पुरुष ठुलो, महिला निम्न आदि।<br>३) ठाउँ, समय अनुसार परिवर्तन हुन्छ। |

- **लैङ्गिक भेदभाव:**

  लैङ्गिक भेदभाव भन्नाले लिङ्गको आधारमा गरिने कुनै पनि विभेदपूर्ण व्यवहारलाई बुझाउँद छ। लैङ्गिक भेदभाव भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषय सम्बन्धी मानवअधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएतापनि पुरुष र महिलाको समानताको आधारमा महिला अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रण सम्बन्धी कानुन उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको उपभोग गर्नमा वा त्यसको मान्यतालाई नै क्षति वा न्यून पार्ने उद्देश्यले भएको लिङ्गको आधारमा हुने कुनै पनि भेदभावलाई जनाउँदछ।
- **परम्परागत रुपमा समाजले दिएको जिम्मेवारीहरु :**

  **पुरुषको भूमिका**
  - घरमुली, नेता, हाकिम, पण्डित/वेद पुराण पढने
  - नोकरी गर्ने/खेती गर्ने, घरका सवै सदस्यलाई पाल्ने जिम्मेवारी बोकेको व्यक्ति
  - मास्टर, डाक्टर, पाइलट, गाडी चलाउने, मोटरसाइकल चलाउने
  - व्यापारी, उद्योगी, हलो जोत्न, उच्च पदका व्यक्तिहरु

  **महिलाको भूमिका**
  - घरपरिवार चलाउने, सबैको स्याहार गर्ने, खाना पकाउने, लुगा धुने, भाँडा माज्ने साथै सबैको हेरविचार गर्ने
  - खेतीपातीमा सघाउने, धान रोप्ने, काट्ने, धान कुट्ने, मल फाल्ने तथा बोक्ने, घाँस काट्ने, गोठको काम साथै कुँडो पकाउने इत्यादी
  - बच्चा जन्माउने, जन्माउन सघाउने : सुडेनी, नर्स, आमा, साथै बच्चाको पालनपोषण गर्ने
  - उच्चपदमा रहेका व्यक्तिहरुको सहयोगीको रुपमा रहनु

### समाजले हेर्न चाहेको महिलाको रुप, गुण, व्यवहार, भूमिका र जिम्मेवारीका कारण महिला माथि हुने हिंसाका कारणहरु:

- **शारीरिक हिंसा**

  समाजले महिला र पुरुपलाई फरक फरक प्रकारले हेर्दछ। समाजको चाहाना अनुरुप महिलाले काम नगरेमा उनीहरुलाई विभिन्न प्रकारको दःख दिइन्छ र फरक व्यवहार गरिन्छ। त्यही अनुरुप परिवारले महिलालाई हुर्काउने बेलादेखि नै फरक व्यवहार सिकाउने र देखाउने गर्दछन। उनीहरुको चाहाना अनुसार महिलाले नगर्दा उनीहरु माथि विभिन्न खालका हिंसा हुने गर्दछ। जस्तै : हात खुट्टा भाँच्नु, घाउ चोट लाग्नु, कुटपिट गर्नु, आगोले पोल्नु वा डाम्नु, तेजाब खन्याउनु, काट्नु
- **मानसिक हिंसा**
  - आत्मविश्वास कमजोर बनाउने खालका व्यवहारहरु गर्नु र विभिन्न कामको वहाना वनाइ अपशब्द प्रयोग गर्नु मानसिक तनाव दिइरहन
  - छोरा, छोरी वा अरु मानिसको अगाडि होच्याउनु तथा गाली गर्नु र पोथी बासेको राम्रो हुँदैन" भन्ने जस्ता शव्दहरु प्रयोग गरी महिलालाई हतोत्साहित गर्नु।
- **सामाजिक हिंसा**
  - अनमेल विवाह, बहुविवाह, बालविवाह, बोक्सीको आरोप लगाउनु, जातको आधारमा विभेद, अन्याय र शोषण गर्नु
  - विवाह गरेपछि कुल फेरिन्छ भन्ने परम्परा, कन्यादान गरेर छोरीलाई दानदिने जनावर वा बस्तुको रुपमा लिनु, महिनावारी हुदाँ उनको शरिर अपवित्र भन्ने भान गराउनु इत्यादी।
- **धार्मिक रुपले गरिने हिंसाहरु**
  - महिला पुजारी हुन नपाउने तर पूजाका लागि सबै काम गर्नुपर्ने, लोग्नेको दीर्घायूको लागि ब्रत बस्नु पर्ने
  - कन्यादान गरिन तयार हुनुपर्ने, बच्चाको न्वारान आमाले गर्न नहुने
  - महिलाले सासु, ससुराको जुठो १३ दिन बार्नु पर्ने र आफ्नो आमा बाबुको ५ दिन मात्र बार्नु पर्ने
- **सांस्कृतिक रुपले गरिने हिंसा**
  - विभिन्न प्रकारका धार्मिक साँस्कृतिक प्रथाका कारण महिलालाई एक्ल्याउने
  - विवाह गरेर पुरुषको घरमा जानु पर्ने र छोरी भएकै कारणले घर भित्रै बस्नु पर्ने
  - अरुले जिस्काउदा चुप लागेर बस्नु पर्ने वा प्रतिरोध गर्न नहुने
  - विधवाले विवाह गर्न नहुने, विधवाले रातो रङ्गका लुगाहरु, चुरा, रातो टिका लगाउन नहुने
- **यौन हिंसा**

  महिला माथि गरिने प्रमुख हिंसा यौन हिंसा हो। महिलाहरु घर भित्र कार्यालयमा, बाटोमा हिँडदा तथा अन्य सार्वजनिक स्थानहरुमा यौन दुर्व्यवहार तथा यौनजन्य हिंसाहरु गर्ने गरिन्छ। यो एक महिला माथि हुने जघन्य अपराध हो।
  - अफिसमा गरिने (अफिसमा महिला भएकै कारण पुरुषहरुले नराम्रो दृष्टिकोणले हेर्ने तथा यौन हिंसामा पर्ने)
  - आफ्नै नातेदार तथा आफन्तबाट (बाबु, काका, दाजु, मामाहरु साथै अरु नातेदार)
  - श्रीमानबाट
  - बसमा हिँडदा (अपरिचित व्यक्तिहरुले नराम्रो दृष्टिकोणले छुन आउने वा टाँसिन आउने)
  - राति वा विहान कलेज जाँदा (प्राय: रात विहान एक्लै हिडडुल गर्न नसक्नु, बढी जोखिम त्यही समयमा पर्नु)